अङ्क 30
DeKalb County School District का परिवारहरूलाई अभिवादन,

मैले आशा गरेको छु कि तपाईंले यो हप्ता राम्रोसँग बिताउनु भयो। मार्च महिना अन्त्य हुनै लाग्दा, विद्यालयहरू सफलतापूर्वक पुन: सुचारू गर्ने कुरामा DeKalb County School District (DCSD) ले गरेको प्रगतिको बारेमा जानकारी गराउन पाउँदा म खुसी छु। मिश्रित सिकाइ (Hybrid learning) मा जाने प्रक्रियालाई सकेसम्म सहज बनाएकोमा म हाम्रा सबै विद्यार्थी, शिक्षक तथा कर्मचारीहरू माथि गर्व गर्छु।

मार्च 29 मा, सबै ग्रेड तहका विद्यार्थीहरू (समूह A र B का विद्यार्थीहरू) बाँकी शैक्षिक वर्षका लागि विद्यालयका भवनहरूमा आएर कक्षा लिने छन्। मलाई विश्वास छ कि आउँदो परिवर्तनलाई सुरक्षित तथा सफल बनाउन सबैजनाले आफ्नो जिम्मेवारी पूरा गर्ने छन्।

CDC ले जारी गरेको नयाँ निर्देशिका

विद्यार्थीहरूले सुरक्षित राख्न र संक्रमणको जोखिम कम गर्न, हामीले नबिर्सिकन Centers for Disease Control and Prevention (CDC) ले जारी गरेको निर्देशिका पालना गर्नु पर्दछ। CDC ले कक्षाकोठामा विद्यार्थीहरू बीचको सामाजिक दूरीका सम्बन्धमा विज्ञानका विकसित घटनाक्रमहरूको बारेमा विचार गरेर K-12 विद्यालयको आफ्नो निर्देशिका अद्यावधिक गरेको छ। CDC ले भर्खरै विद्यार्थीहरूले अनिवार्य रूपमा सधैँ मास्क प्रयोग गर्दै कक्षाकोठामा कम्तीमा 3 फिटको दूरी कायम गर्नु पर्छ भनेर सुझाव दिएको छ।

मैले सधैँ भन्दै आएको छु, हाम्रा भवनहरूमा सबैजना सुरक्षित हुनेछ भनेर निश्चिन्त हुन DCSD ले विज्ञानलाई पालना गर्नेछ र CDC द्वारा सिफारिस गरिएका— संक्रमण न्यूनिकरणका रणनीतिहरू कार्यान्वयन गर्नेछ। वसन्त विश्राम नजिक आउँदै गर्दा, म हाम्रा विद्यार्थी, शिक्षक, कर्मचारी तथा परिवारहरूलाई विद्यालय भवन बाहिर रहेको समयमा पनि संक्रमण न्यूनिकरणका रणनीतिहरू प्रयोग गरिरहन प्रोत्साहित गर्न चाहन्छु। मैले आशा गरेकी छु कि DeKalb काउन्टी समुदायमा कोभिड-19 बाट संक्रमित व्यक्तिहरूको सङ्ख्या घटाउन सहयोग गर्न सबैले आफ्नो जिम्मेवारी पूरा गर्ने छन्।

कोभिड-19 को खोप

डिस्ट्रिक्टले CDC का संक्रमण न्यूनिकरणका रणनीतिहरू प्रयोग गर्दै हाम्रा विद्यालयहरूलाई सुरक्षित बनाउने र संक्रमणको प्रसार कम गर्ने काम गरिरहेको भएता पनि DCSD ले कर्मचारीहरूका लागि कोभिड-19 को परीक्षण तथा खोपहरूको पहुँच पाउने अवसरहरू पनि प्रदान गरिरहेको छ। म राज्यले 1b का कर्मचारीहरूलाई खोप लगाउने योजना समायोजन गरे देखि DCSD ले DeKalb County Board of Health (DCBOH र अन्य स्वास्थ्य साझेदारहरूको सहयोगमा 1,704 कर्मचारीहरूलाई खोप लगाएको छ भनेर घोषणा गर्न पाउँदा खुसी छु।

डिस्ट्रिक्टका कर्मचारीहरू DCSD को Administrative and Instructional Complex, St. Phillips AME Church तथा Briarcliff Pharmacy मा खोप लगाउन सक्षम भएका छन्। DCSD का प्रशिक्षित नर्सहरूले Administrative and Instructional Complex मा मार्च 20 मा सञ्चालन गरिएको खोप कार्यक्रमका दौडान कर्मचारीहरूलाई केही खोपहरू दिएका थिए।

DCSD ले खोप प्रदान गर्न DCBOH, Walgreens तथा Briarcliff Pharmacy सहकार्य गरी नै रहनेछ। हामी कर्मचारी तथा 16 वर्ष र माथिका विद्यार्थीहरूलाई DCBOH, स्थानीय फार्मेसी, वा अन्य स्वास्थ्य सेवा प्रदायक मार्फत खोप लगाउने अवसरहरू मिल्छ कि भनेर बुझ्न प्रोत्साहित गर्छौं।

बोनस

हिजो, शिक्षा परिषदले किन्डरगार्टन देखि ग्रेड 12 का सार्वजनिक विद्यालयहरूका शिक्षक तथा शैक्षिक सहायता कर्मचारीहरूलाई एक पटकका लागि $1,000 बराबरको बोनस भुक्तानी प्रदान गर्ने विद्यालयका सुपरिन्टेन्डेन्ट Richard Woods को प्रस्ताव अनुमोदन गर्यो।

कोभिड-19 को महामारीका समय यी कर्मचारीहरूको काम तथा त्याग प्रति कृतज्ञता प्रकट गर्दै राम्रा कर्मचारीहरू नियुक्त गर्ने र राम्रा कर्मचारीहरूलाई विद्यालयमा राखिरहने कुरामा सहयोग गर्न शिक्षक तथा शैक्षिक सहायता कर्मचारीहरूलाई बोनस रकम प्रदान गरिँदैछ।

DCSD ले यसका कर्मचारीहरू र विद्यार्थीहरूलाई सहयोग गर्ने कुरामा उनीहरूको योगदानलाई सम्मान गर्छ। हामी अर्को महिना यो बोनस रकम वितरण गरेर हाम्रो सम्मान अभिव्यक्त गर्ने छौं।

शरणार्थी सङ्गठनहरूको बैठक

म आठवटा शरणार्थी सङ्गठनहरू धन्यवाद दिन चाहन्छु। उनीहरूले DCSD लाई उत्कृष्टताको नयाँ स्तरसम्म पुर्याउने परिकल्पनाको बारेमा बुझ्न गत हप्ता म र मेरो टोलीसँग भेट गरेका थिए। यो मेरो लागि अमेरिकाका नयाँ परिवारहरूलाई सेवा प्रदान गर्ने यो उत्कृष्ट समुदायको विचार, सल्लाह सुझाव, आशा र आवश्यकताहरूको बारेमा थाहा पाउने एउटा अवसर पनि थियो।

हाम्रो स्कूल डिस्ट्रिक्टको प्रभावकारी सञ्चालनका लागि हाम्रा सरोकारवालाहरू अत्यन्तै महत्त्वपूर्ण हुन्छन्। खुला सञ्चारको माध्यम अनिवार्य छ। सरोकारवालाहरूको संलग्नताको स्वागत तथा प्रयोग अनिवार्य छ। विश्वासको समुदाय निर्माण गर्न, हामी पारदर्शिता कायम गर्छौं र तपाईंलाई विद्यार्थी सफलताको हाम्रो प्रतिबद्धतालाई आफ्नै प्रतिबद्धता मान्ने बाहिरी समर्थकहरूसँग उत्कृष्ट साझेदार बन्न आवश्यक पर्ने संरचना प्रदान गर्छौं।

MOSAIC गर्मी अध्ययन कार्यक्रम

मैले गत हप्ताको न्यूजलेटरमा उल्लेख गरिसकेको छु, DCSD ले यो समरका लागि विद्यार्थीहरूलाई MOSAIC ग्रीष्मकालीन शिक्षा कार्यक्रम प्रदान गर्नेछ। MOSAIC ग्रीष्मकालीन शिक्षा कार्यक्रम ले स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्मलाई —हाम्रा विद्यार्थी, हाम्रा शिक्षकहरू, र  शैक्षिक सुधार, शैक्षिक बढोत्तरी, शैक्षिक विकास तथा सामाजिक भावनात्मक शिक्षा मार्फत —पढाइने र सिकाइने सामाग्रीलाई आत्मसात गर्छ। हाम्रो लक्ष्य भनेको अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू, अशक्तता भएका विद्यार्थीहरू, तथा प्रतिभावान् विद्यार्थी लगायतका सबै विद्यार्थीहरूलाई संलग्न गराउनु हो।

| कार्यक्रम | लक्षित विद्यार्थीहरू | कार्यक्रम हुने मिति | स्वरूप |
|---|---|---|---|
| FLEX Restore | उच्च विद्यालयका पाठ्यक्रम लिइरहेका ग्रेड 8 का विद्यार्थीहरू मात्र र ग्रेड 9-12 | जून 1 – जुलाई 17 | डिस्ट्रिक्टको भर्चुअल |
| FLEX Ahead | ग्रेड 12 का विद्यार्थीहरू | जून 1 – जुलाई 24 | डिस्ट्रिक्टको भर्चुअल |
| उच्च विद्यालयको क्रेडिट रिकभरी | उच्च विद्यालयका पाठ्यक्रम लिइरहेका ग्रेड 8 का विद्यार्थीहरू मात्र र ग्रेड 9-12 | जून 1 – जुलाई 30 (फरक-फरक हुन्छ) | स्थानीय विद्यालयको मिश्रित |
| AP Bridge Camp | ग्रेड 9-12 | जुलाईको 1 हप्ता | स्थानीय विद्यालयको मिश्रित |
| Summer Bridge Camp | ग्रेड 6 र 9 मा जाने विद्यार्थीहरू | जुलाई (फरक-फरक हुन्छ) | स्थानीय विद्यालयको मिश्रित |
| विशेष शिक्षाको ESY | विशेष शिक्षाका विद्यार्थीहरू (किन्डरगार्टन देखि ग्रेड 2 सम्म) | जून 7 - जुलाई 16 | डिस्ट्रिक्टको मिश्रित |
| Scholars Academy | ग्रेड 3-8 | जून 7 - जुलाई 16 | स्थानीय विद्यालयको मिश्रित |
| Serendipity | कक्षा 1-6 | जून | डिस्ट्रिक्टको भर्चुअल |
| Title I Enrichment Programs | ब्याकप्याक पढिरहेका ग्रेड K-12 | जुलाई | स्थानीय विद्यालयको मिश्रित |
| साक्षरता क्याम्प | ग्रेड K-12 | जून 7 – जुलाई 30 | स्थानीय विद्यालयको मिश्रित |
| My Brother's Keeper | MBK का विद्यार्थीहरू | जुन 28 – जुलाई 2, 2021 | डिस्ट्रिक्टको मिश्रित |
| Aviation Camp | कक्षा 4-6 | जुन 21 – शुक्रवार, जुलाई 02, 2021 | डिस्ट्रिक्टको मिश्रित |
| STEM is LIT | कक्षा 6-8 | जुलाई 19 – जुलाई 29, 2021 | मिश्रित |
| CTAE Enrichment | फरक-फरक छ | जून/जुलाई | मिश्रित |
| लर्निङ ब्याकप्याक (शैक्षिक विकास) | Pre-K देखि ग्रेड 2 सम्म | जून - जुलाई | घर |

अस्वीकारोक्ति: शैक्षिक विकास, सुधार, क्रेडिट रिकभरी, र शैक्षिक बढोत्तरीका ग्रीष्मकालीन शैक्षिक अवसरहरू राज्य, स्थानीय निकाय, तथा डिस्ट्रिक्टको कोभिड-19 सम्बन्धी स्वास्थ्य निर्देशिकामा निर्भर हुन्छन्। मिति परिवर्तन हुन सक्छ।

नोट:

- प्रत्यक्ष उपस्थितिका कार्यक्रमहरू शिक्षक तथा विद्यार्थीको 1:15 को अनुपातको साथमा पोड (pod) मा सञ्चालन गरिनेछ।
- मिश्रित कार्यक्रमहरूमा भर्चुअल तथा प्रत्यक्ष सत्र समावेश गरिनेछ।

**अद्यावधिक गरिएको मिति: मार्च 26, 2021**

प्रत्यक्ष, मिश्रित तथा भर्चुअल सिकाइ मार्फत, विद्यार्थीहरूले शिक्षकले नेतृत्व गरेको शिक्षाबाट र विद्यार्थीद्वारा निर्देशित कक्षाहरूबाट लाभ उठाउने छन् जुन जानेबुझेरै गरिन्छ। विद्यार्थीहरू वास्तविक, आकर्षक, तथा अर्थपूर्ण अनुभवहरूमा सहभागी हुने छन्।

ग्रीष्मकालीन कार्यक्रमहरूको रजिस्ट्रेसनसम्बन्धी जानकारी अप्रिल 19, 2021 मा खुलासा गरिनेछ।

विद्यालय वर्ष 2021-2022

डिस्ट्रिक्टले शैक्षिक वर्ष 2021-2022 का लागि तयारी गर्दै गर्दा, हामी विद्यार्थीहरूको शैक्षिक, सामाजिक, भावनात्मक, तथा व्यवहारसम्बन्धी आवश्यकताहरूको बारेमा विचार गरिरहेका छौं । हामीले निरन्तर रूपमा विद्यार्थी नतिजाहरूमा ध्यान केन्द्रित गर्ने र अर्को वर्षको लागि प्रत्यक्ष शिक्षणको विकल्पको योजना बनाउनु पर्ने कुरा महत्त्वपूर्ण छ । हामीले माध्यमिक तथा उच्च विद्यालयका विद्यार्थीहरूलाई भर्चुअल रिमोट लर्निङको विकल्पको प्रदान गर्न FLEX Academy लाई पनि विस्तार गरिरहेका छौं । कुनै परिवारले भर्चुअल लर्निङको विकल्प चयन गरेको खण्डमा, हामी विद्यार्थीहरू प्रत्यक्ष शिक्षण (शिक्षकले नेतृत्व गरेको वास्तविक समयको प्रत्यक्ष शिक्षण) र अप्रत्यक्ष शिक्षणमा (शिक्षकले नेतृत्व गरेको वास्तविक समयको नभइ अनलाइन शिक्षणमा) पूर्ण रूपमा सहभागी हुन्छन् भनेर सुनिश्चित गर्न चाहन्छौं ।

हामीले अर्को वर्षको योजना बनाउँदै गर्दा, डिस्ट्रिक्टले तपाईंको विचार सुन्नका लागि अप्रिलमा टाउन हल बैठक सञ्चालन गर्नेछ ।

Kids'-Doc-On-Wheels/स्थलगत भ्रमण गर्ने दिन

मैले आज Fairington Elementary School मा Kids'-Doc-On-Wheels का डा. Lynette Wilson-Phillips र उनको टोलीलाई भेट्ने अवसर प्राप्त गरे । Kids'-Doc-On-Wheels, Inc. को अभियान भनेको बाल समुदायका साथै मुख्य खालको दैनिक स्थान—विद्यालयमा उच्च गुणस्तरीय तथा विस्तृत बाल चिकित्सा सेवाको पहुँच सुनिश्चित गर्नु हो । हामी Kids'-Doc-On-Wheels लाई साझेदारीका लागि धन्यवाद दिन्छौं ! उनीहरूको टेलेमेडिसिन पद्धतिले हाम्रा विद्यार्थीहरूलाई विद्यालयमा स्वास्थ्य बनाउँछ तथा सफलताका लागि तयार पार्छ !

मैले Fairington मा केही कक्षाहरूमा बस्ने तथा अवलोकन गर्ने अवसर पनि प्राप्त गरेको थिए । कक्षाहरूमा शिक्षक तथा विद्यार्थीहरूको व्यस्तता देखेर म प्रसन्न भए । म प्रधानाध्यापक डा. Walter Burke लाई त्यहाँको विद्यालय भवनमा मलाई स्वागत गरेकोमा धन्यवाद दिन चाहन्छु । म क्षेत्रीय सुपरिन्टेन्डेन्ट डा. Triscilla Weaver लाई हाम्रा विद्यार्थीहरू प्रति उहाँको प्रतिबद्धताका लागि पनि धन्यवाद दिन चाहन्छु ।

कृपया आफ्नो र एक अर्को ख्याल गर्दै गर्नुहोस् ।

भवदीय,

Mrs. Cheryl Watson-Harris